नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९,

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३६ अंक ३१ २०८३ साल भदौ ६ गते शनिबार (22 Aug 2026 Saturday) मूल्य रु. ५/-

**Log in :** *rajbirajdainik.com.np*

**बाल अधिकारको संरक्षण**

**बचावटको अधिकार :**
पोषिलो खाना र स्वास्थ्योपचार पाउनु।
**विकासको अधिकार :**
शिक्षा, खेलकुद र मनोरञ्जनको अवसर।
**संरक्षणको अधिकार :**
हिंसा, दुर्व्यवहार र शोषणबाट सुरक्षा।
**सहभागिताको अधिकार :**
आफ्नो हितका निर्णयमा बोल्न पाउनु।

*यस अंक भित्र :* २ पृष्ठमा : पहाडी क्षेत्रमा जलसञ्चयः ... ३ पृष्ठमा : एकीकृत दूरसञ्चार नीतिको... ३ पृष्ठमा : भारतमा विषाक्त मदिरा ...

# करदाता सेवा शाखामा कम्प्युटर नहुँदा सम्पूर्ण कामकाज ठप्प




**दैनिक समाचारदाता**
**राजविराज, ५ भदौ।**

राजविराज नगरपालिकाद्वारा संचालित करदाता सेवा शाखामा कम्प्युटर नहुँदा सम्पूर्ण कामकाज ठप्प भएको छ।

करिब डेढ महिनाअघि आन्तरिक राजश्व कार्यालय लहानले नगरपालिकालाई करदाता सेवा शाखा संचालनका लागि अनुमति दिएपछी विधिवत् रुपमा शाखाको उद्घाटन गरि संचालनमा ल्याइएको हो।

सोही समयदेखी करदाता सेवा शाखाले पालिकाको राजश्व शाखाको कम्प्युटर सापटी लिएर सेवा प्रदान गर्दै आइरहेको थियो। तर, शुक्रबार सो कम्प्युटर राजश्व शाखाले आफ्नै कामका लागि फिर्ता लिएपछी करदाता सेवा शाखाको सम्पूर्ण कामकाज प्रभावित भएको हो।

करदाता सेवा शाखाका प्रमुख प्रकाश गुप्ताले कम्प्युटरबाटै कर सम्बन्धी सबै कार्य हुने भएकोले कम्प्युटर नहुँदा कामकाम ठप्प भएको स्वीकार गरे। उनले भने, "मैले बारम्बार कम्प्युटर उपलब्ध गराउन नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परविन, शाखा अधिकृत मनोज यादव तथा स्टोरमा ताकेता गर्दा पनि हालसम्म उपलब्ध हुनसकेको छैन्।"

राजश्व शाखाका प्रमुख कल्पना देवले एउटै कोठामा राजश्व शाखा र करदाता सेवा शाखा समेत संचालन हुँदा आलोपालो गरि कम्प्युटर सापटी दिएर कार्य संचालन गर्दै आएको बताउँदै उनले भनिन् "डेढ महिना बितिसक्दा पनि करदाता सेवा शाखालाई आफ्नो कम्प्युटर उपलब्ध हुन सकेन्, यता राजश्वको काममा पनि चाप बढेकोले बाध्य भई कम्प्युटर फिर्ता लिएका हौं।"

"राजश्व शाखामा दुई वटा कम्प्युटर छ, उनले भनिन्, "दुई वटा कर्मचारीहरुले ती दुबै कम्प्युटरबाट राजश्वको काम गरिरहेका छन्, तर शुक्रबार राजश्वको काम नै प्रभावित हुने भएपछी करदाता सेवा शाखाबाट कम्प्युटर फिर्ता लिन बाध्य भयौं।"

यस सन्दर्भमा नगरपालिकाकी कार्यवाहक नगरप्रमुख इसरत परविनसँग सम्पर्क गर्न खोज्दा उनीसँग सम्पर्क हुन सकेन्।

साउन १ गतेदेखी सप्तरी जिल्लाको १८ वटै पालिकामा कार्यालय रहने गरि करदाता सेवा शाखा संचालन भइसकेको छ।

***बाँकी दुई पृष्ठमा***

# ट्रकको ठक्करबाट एकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ५ भदौ।**

राजविराज वडा नं. ६ स्थित बागेश्वरी मन्दिर सडक खण्डमा शुक्रवार ट्रकको ठक्करबाट मोटरसाईकल चालकको मृत्यु भएको छ।

छिन्नमस्तातर्फ गईरहेको को.१ख.४६०७ नम्बरको मालबाहक ट्रकले मोटरसाईकललाई ठक्कर दिएको हो।

ट्रकको ठक्करबाट मोटरसाइकल चालक सप्तरीको रुपनी गाउँपालिका २ निवासी ५० वर्षिय भागवत साहको टाउकोमा गम्भीर चोट लागेको थियो। उनलाई उपचारका लागी स्थानीय गजेन्द्रनारायण सिह अस्पताल लगिएकोमा प्रारम्भीक उपचार पछि विराटनगरस्थित न्यूरो अस्पताल पुर्‍याइएको थियो। उपचारकै क्रममा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक हेमराज घिमिरेले जानकारी दिए।

ट्रक र चालक सुनसरीको इनरुवा नगरपालिका ५ निवासी ४० वर्षिय पर्शुराम भौरलाई नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# भारत गएका दुई युवकको अवस्था अझै अज्ञात



अमरिश मिश्रा



विजय ठाकुर

**दैनिक समाचारदाता**
**राजविराज, ५ भदौ।**

वैदेशिक रोजगारीका लागी भारत गएका सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाका एक यूवकसहित दुईको अवस्था वर्षौंदेखी अज्ञात रहेको छ।

जिल्लाको तिलाठी कोइलाडी गाउँपालिका १ का २६ वर्षिय अमरिश मिश्रा १३ वर्षअघि रोजगारीको सिलसिलामा भारतको राजधानी नयाँ दिल्ली गएका थिए। उनको अवस्था अझै अज्ञात नै रहेको छ।

उनको खोजीका लागी बुबा अमोल, आमा रेखा र भाई निकुञ्ज अहिले पनि दिल्ली र आसपासका शहरमा पटक/पटक पुग्ने र खोजी कार्यमा भौतारीरहने गरेको परिवारजनले बताएका छन।

यस्तै सोही गाउँपालिकाका

***बाँकी अन्तिम पृष्ठमा***

**घरायसी कामको लागि महिला घरेलु कामदार चाहियो**

स्थान : तेतरीगाछी, राजविराज

सम्पर्क : ९८४९१३५२१६

**मानसिक स्वास्थ्यमा ध्यान दिऔं**

- मानसिक स्वास्थ्य शारीरिक स्वास्थ्यजत्तिकै महत्वपूर्ण हो भन्ने बुझौं,
- डर, तनाव वा चिन्ता भएमा विश्वासिलो व्यक्ति वा सम्बन्धित विशेषज्ञसँग खुलेर कुरा गरौं,
- परिवार, साथीभाइ र समुदायमा सहयोगी तथा सकारात्मक वातावरण निर्माण गरौं,
- पर्याप्त निद्रा र सन्तुलित आहारमार्फत मानसिक स्वास्थ्यको सुरक्षा गरौं,
- योग, ध्यान तथा सिर्जनात्मक गतिविधिमा सहभागी भई तनाव व्यवस्थापन गरौं,
- मानसिक स्वास्थ्यसम्बन्धी भ्रम र विभेदको अन्त्य गरौं,
- समस्या देखिएमा स्वास्थ्य संस्थाबाट परामर्शसेवा लिऔं,
- आत्मीय संवाद, आपसी सहयोग र सहानुभूतिमार्फत स्वस्थ समाज निर्माण गरौं।

खुलेर कुरा गरौः मानसिक स्वास्थ्यको संरक्षण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# विधायिकी अभ्यासमा स्थानीय तहलाई मार्गदर्शन गर्नुपर्नेमा जोड

काठमाडौँ, ५ भदौ (रासस)।

स्थानीय तहले विधिभित्र रहेर काम गर्न चनाखो रहे पनि सङ्घीय संसद्बाट समयमै आवश्यक मार्गदर्शन र अभिभावकत्व प्राप्त हुन नसकेको गाउँपालिका राष्ट्रिय महासङ्घले गुनासो गरेको छ।

राष्ट्रियसभाअन्तर्गत विधायन व्यवस्थापन समितिको बिहीबारको बैठकमा विधायिकी अन्तरसम्बन्धबारे धारणा राख्दै गाउँपालिका राष्ट्रिय महासङ्घ नेपालका अध्यक्ष लक्ष्मीदेवी पाण्डेले स्थानीय तहले काम गर्ने ढङ्ग पुऱ्याएन भन्ने भाष्य स्थापित गर्न खोजिएको भन्दै असन्तुष्टि व्यक्त गर्नुभयो।

तीन तहको सरकार बनेपछि सङ्घीय संसद्बाट स्थानीय तहलाई समयमै स्पष्ट मार्गदर्शन प्राप्त हुने अपेक्षा भए पनि सुरुआती चरणमा स्थानीय तहले सिक्दै र गर्दै अघि बढ्नुपरेको उहाँको भनाइ छ। उहाँले स्थानीय तहलाई सुधारका लागि अभिभावकत्व र सहयोग आवश्यक पर्नेमा जोड दिनुभयो।

महासङ्घका अनुसार सुरुआती चरणमा सङ्घीय संसद्को अभ्यास सिकेर त्यसलाई स्थानीय तहमा लागू गर्ने प्रयास गरिए पनि ७५३ वटै स्थानीय तहमा संसदीय अभ्यास लैजान कठिन भएको जनाएको छ।

"तीन तहको सरकार बनेपछि सङ्घीय संसद्बाट समयमै एउटा मार्गदर्शन प्राप्त हुन्छ भन्ने हाम्रो अपेक्षा थियो। तर सुरुआती चरणमा हामीले धेरै विषय सोधेर, सिकेर अघि बढ्नुपऱ्यो", उहाँले भन्नुभयो, "हामीले संसदीय अभ्यासलाई स्थानीय तहमा लैजान धेरै मेहनत गऱ्यौँ, सुरुमा त्यही अभ्यासलाई नक्कल पनि गऱ्यौँ। तर समग्र ७५३ स्थानीय तहमा संसदीय अभ्यास लैजान कठिन भयो।"

अध्यक्ष पाण्डेले कार्यपालिकाको प्रत्यक्ष छायाँमा सभा परेको तथा सभामा विधेयक पेस, छलफल र पारित गर्ने प्रक्रियामा अझै अलमल रहेको उल्लेख गर्नुभयो। उहाँले संविधान कार्यान्वयन र तीन तहका सरकारबीचको सम्बन्ध बलियो बनाउन विधायिकी अन्तरसम्बन्धमा सुधारको आवश्यकता औँल्याउनुभयो। स्थानीय तह क्रमशः विधायिकी अभ्यासमा अभ्यस्त हुँदै गए पनि गैरविधायिकी कार्य खासै हुन नसकेको उहाँको भनाइ छ।

महासङ्घका कार्यकारी निर्देशक राजेन्द्रप्रसाद प्याकुरेलले स्थानीय सरकार सेवा प्रवाहमा अब्बल भए पनि स्थानीय शासन प्रणालीको प्रवर्द्धनमा कमजोर रहेको बताउनुभयो। केन्द्रमा रहेको ज्ञान र सीप प्रदेशसम्म हस्तान्तरण भए पनि स्थानीय तहसम्म पुग्न नसकेको उहाँले गुनासो गर्नुभयो।


## बाढी/पहिरोबाट सतर्क रहौं।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु–क्षयबाट बचौं र बचाऔं।

जनहीतका लागि : राजविराज दैनिक


# पहाडी क्षेत्रमा जलसञ्चयः स्थानीय विकासको आधार

**डा चेतनाथ कणेल**

काठमाडौँ, ५ भदौ (रासस)।

नेपाल जलस्रोतमा धनी देश हो भन्ने कुरा हामीले पुस्तौंदेखि सुन्दै आएका छौं तर पानीको स्रोत हुनु र आवश्यक परेका समयमा आवश्यक ठाउँमा पानी उपलब्ध हुनु एउटै कुरा होइन। पछिल्ला वर्षमा जलवायु परिवर्तनका कारण हाम्रो जलचक्रमा तीव्र परिवर्तन भइरहेको छ। बढ्दो तापक्रम, अनियमित वर्षा, लामो खडेरी, पानीका मुहान सुक्नेक्रम र हिमाली क्षेत्रमा समयमा हिउँ नपर्ने समस्याले नेपालका पहाडी तथा हिमाली बस्तीको भविष्यप्रति गम्भीर प्रश्न खडा गरेको छ। यस्तो अवस्थामा अब पानीको संरक्षण र जलसञ्चयलाई स्थानीय तहको विकासको एउटा प्रमुख आधार नबनाई सुखै छैन।

जलवायु परिवर्तनका असर हामीले समाचारमा मात्र होइन, आफ्नै गाउँघर र वरिपरिको प्रकृतिमा देख्न थालेका छौं। गर्मी बढ्दै गएको छ। पानीका परम्परागत मुहान सुक्दै छन्। वर्षायाममा पनि पानी पर्नेक्रम कतिपय ठाउँमा घटेको छ भने पानी पर्दा एकैपटक ठूलोमात्रामा पर्ने र त्यसपछि लामो समयसम्म पानी नपर्ने प्रवृत्ति बढिरहेको छ। एकातिर आकस्मिक बाढी र पहिरोको जोखिम बढेको छ भने अर्कोतिर लामो खडेरी र सुक्खाको समस्या गहिरिँदै गएको छ। हिउँले सेताम्मे हुनुपर्ने पहाड तथा हिमाली क्षेत्र पनि समयमा हिउँ नपर्दा वा कम हिउँपर्दा 'काला पहाड'मा परिणत हुँदै गएका दृश्य असामान्य लाग्न छाडेका छन्। समग्रमा जलवायुजन्य समस्या बर्सेनि थपिँदै गएको छ।

यसको प्रत्यक्ष असर मानव जीवनमा परेको छ। पानीका मुहान सुक्दा बस्ती नै छोडेर अन्यत्र जानुपर्ने अवस्था सिर्जना भइरहेको छ। समयमा खेतीपाती लगाउन नपाउँदा उत्पादन घट्ने, खाद्य सङ्कट निम्तिने र अनिकाल तथा भोकमरीका दुःखद् कथा बढ्ने सम्भावना छ। पशुपालन, वनस्पति, वन्यजन्तु र समग्र जैविक प्रणाली अर्थात् पारिस्थितिकीय प्रणाली ( इकोलोजिकल सिस्टम) पनि पानीको अभावबाट प्रभावित हुँदैछन्। त्यसैले जलवायु परिवर्तनसँग जुध्ने स्थानीय अनुकूलनको पहिलो आधारमध्ये पानी व्यवस्थापनलाई लिनुपर्छ भन्ने तर्क आजभोलि झन् प्रखर बन्दै गइरहेको छ।

**जलसञ्चय अभियान**

हामीले अब बगेर खेर जाने पानीलाई सकेसम्म रोक्नुपर्छ। वर्षायाममा आउने पानीलाई हिउँदयामका लागि सञ्चित गर्नुपर्छ। यसको एउटा सरल, स्थानीय र व्यावहारिक उपाय पहाडी क्षेत्रमा कृत्रिम ताल, पोखरी, कुण्ड तथा साना जलाशय निर्माण गर्नु हो। यस्ता संरचनाले तत्काल खानेपानीको आवश्यकता पूरा गर्ने मात्र होइन, जमिनमा चिस्यान कायम राख्न, भुजल पुनर्भरण (रिचार्ज) गर्न, वनस्पति र घाँसे मैदानलाई हरियो राख्न तथा स्थानीय वातावरणलाई सन्तुलित बनाउन सहयोग पुऱ्याउँछन्।

केही पालिकाहरूले यस दिशामा काम गरेर उदाहरण प्रस्तुत गरिसकेका छन्। तर पोखरी निर्माण र जलस्रोत संरक्षणले अझै पनि स्थानीय तथा राष्ट्रिय विकासको अपेक्षित प्राथमिकता पाउन सकेको छैन। अब हरेक प्रदेश र पालिकाले आफ्नो भौगोलिक अवस्था, पानीको उपलब्धता र स्थानीय आवश्यकताका आधारमा जलसञ्चयको दीर्घकालीन योजना बनाउन आवश्यक छ। पोखरी संरक्षण, नयाँ पोखरी निर्माण, पुराना कुलो तथा धाराको पुनर्जीवन, सिमसार क्षेत्रको संरक्षण र वर्षाको पानी सङ्कलनलाई एउटै अभियानका रूपमा अघि बढाउनुपर्छ।

म भर्खरै मुस्ताङबाट फर्केको छु। जोमसोम तथा मुक्तिनाथ वरिपरि ३६० डिग्रीमा फर्केर हेर्दा एउटा कुरा निकै स्पष्ट देखिन्छ मुस्ताङलाई 'सुक्खा जिल्ला'का रूपमा मात्र हेरेर बस्ने होइन, उपलब्ध पानी तथा चिस्यानलाई कसरी जोगाउने भन्ने सोच विकास गर्न सकियो भने त्यहाँका धेरै भूभागमा हरियाली विस्तार गर्न सकिन्छ। उदाहरणका लागि कागबेनीबाट पारिपट्टि हेर्दा एउटा स्थानमा सीमित मात्रामा भए पनि पानीको उपलब्धता र सम्भावना देखिन्छ। वर्षाका बेला त्यहाँ भल बग्छ, हिउँदमा केही हिउँ पनि पर्छ। त्यो पानी र हिउँलाई जोगाएर राख्ने पद्दति विकास गर्न सकियो भने अहिले देखिएको हरियालीको क्षेत्र र अवधि दुवै बढाउन सकिने सम्भावना देखिन्छ।

कागबेनीपारिको त्यो स्थान एउटा सानो उदाहरण मात्र हो। मुक्तिनाथ जाने बाटोको 'सेल्फीडाँडा' वरिपरि, लुप्रा गाउँ जाने बाटोको तल रहेको पाण्डा खोली किनार तथा लुप्रामाथि मुक्तिनाथतर्फ पैदल जाने बाटोछेउका चरन क्षेत्र र सुन्दर पाटनमा पनि स्थानीय भूगोल अनुकूल कृत्रिम ताल वा कुण्ड निर्माणको सम्भावना खोज्न सकिन्छ। यस्ता जलाशय निर्माण गर्दा ठूलो र खर्चिलो आयोजना नै चाहिन्छ भन्ने छैन। स्थानीय सामग्री, श्रम र भूगोलको उपयोग गरेर साना-साना जलाशयहरूको सञ्जाल ( वेटल्याण्ड नेटवर्क) बनाउन सकिन्छ। एउटै ठूलो पोखरीभन्दा ठाउँअनुसार बनाइएका धेरै साना पोखरीले पनि दीर्घकालीन रूपमा ठूलो योगदान दिन सक्छन् भन्ने कुरा भारतलगायत अन्य देशका उदाहरणहरूले देखाएका छन्।

मुस्ताङको दृष्टान्तलाई अन्य पहाडी तथा हिमाली जिल्लामा पनि विस्तार गर्न सकिन्छ। जहाँ वर्षाको पानी तीव्र गतिमा बगेर जान्छ, त्यहाँ सम्भाव्यता अध्ययन गरेर पानी रोक्ने संरचना (ढुङ्गे ड्यामहरू) बनाउन सकिन्छ। चरन क्षेत्र, पाटन, वनक्षेत्र र बस्ती आसपासमा आवश्यकताअनुसार पोखरी तथा कुण्ड निर्माण गर्न सकिन्छ। यसले पानीको उपलब्धता बढाउनुका साथै स्थानीय वनस्पति, पशुपालन र समग्र जैविक विविधता तथा 'इकोसिस्टम' को विकास एवम् संरक्षणमा पनि योगदान पुऱ्याउँछ।

**अब 'पोखरी दशक'को सङ्कल्प**

माथिको छलफल र दृष्टान्तका आधारमा नेपालमा अबको दशकलाई 'पोखरी दशक' का रूपमा अघि बढाउने हो कि भन्ने विषयमा गम्भीर बहस गर्नुपर्ने बेला आएको महसुस भएको छ। स्थानीय अनुकूलन कार्यक्रम, जलवायुमैत्री विकास तथा जलवायुजन्य विपद्बाट मुक्ति पाउने अभियानलाई जलसञ्चयसँग जोड्नु अपरिहार्य छ। पहाड र हिमाली क्षेत्रमा मात्र होइन, चुरे, भावर र मधेस-तराई क्षेत्रमा पनि ताल, पोखरी, कुण्ड तथा सिमसार निर्माण र संरक्षणको अभियान चलाउन आवश्यक छ। तराईका ट्युबवेल र इनारमा पानीको सतह घटेको, कतिपय ठाउँमा सुक्दै गएका समाचार हामी नियमित सुन्दै र पढ्दै आएका छौं। यसको दीर्घकालीन समाधानमध्ये भूमिगत पानीको पुनर्भरण र वर्षाको पानी संरक्षण अत्यन्त महत्वपूर्ण र व्यावहारिक उपाय हो।

सरकारी कार्यक्रमलाई पनि यही दिशामा पुनःसंरचना गर्न सकिन्छ। प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत झारपात उखेलेर, सडक बढारेर वा क्षणिक प्रकृतिका काममा मात्र श्रम खर्च गर्नुभन्दा पछिल्ला पुस्तासमेत लाभान्वित हुने जलसञ्चयका संरचना निर्माणमा जनशक्ति परिचालन गर्नु बढी समसामयिक र दूरदर्शी हुनसक्छ। पोखरी खन्ने, पुराना पोखरी पुनर्जीवन गर्ने, जलाधार संरक्षण गर्ने, सिमसार क्षेत्र विस्तार गर्ने र पानीका मुहान संरक्षण गर्ने कामलाई रोजगार तथा विकास कार्यक्रमसँग जोड्नसक्ने प्रशस्त सम्भावना छ।

यस अभियानमा पालिका र प्रदेशबीच स्वस्थ प्रतिस्पर्धासमेत गराउन सकिन्छ। कुन पालिकाले आफ्नो भूगोलअनुसार बढी प्रभावकारी पोखरी निर्माण गऱ्यो ? कहाँ सुकिसकेको मुहान पुनर्जीवित भयो ? कुन पालिकाले बढी क्षेत्रफलमा सिमसार संरक्षण गऱ्यो ? कुन प्रदेशले पानी संरक्षणबाट कृषि, वन र जैविक विविधतामा उल्लेखनीय सुधार ल्यायो ? यस्ता सूचकका आधारमा उत्कृष्ट पालिका र प्रदेशलाई प्रोत्साहन गर्ने व्यवस्था गर्न सकिन्छ।

विश्व अनुभवले भन्छ, स्रोत व्यवस्थापनको पहिलो आधार नै पानी व्यवस्थापन हो। पानी प्राप्ति र पानीको संरक्षणविना विकासका अन्य धेरै प्रयास अधुरा हुन्छन्, असम्भव हुन्छन्। हाम्रो इतिहाससमेत पानीसँग जोडिएको छ। पानीकै खोजीमा हाम्रा बाजे-बराजु कोही पूर्वबाट पश्चिमतर्फ, कोही पश्चिमबाट पूर्वतर्फ, कोही उत्तरबाट दक्षिणतर्फ सरे। पानी, उर्वर भूमि र जीवनको सम्भावना खोज्दै भएका त्यस्ता बसाइँसराइले नै आज हामीलाई विभिन्न भूगोल, संस्कृति र विविध पहिचानले चिनाएको यथार्थ कसैले नकार्न सक्दैन।

**निष्कर्ष**

अब हाम्रा सन्ततिले पानीको खोजीमा आफ्नै थातथलो छोडेर हिँड्नुपर्ने अवस्था नआओस्। त्यसका लागि आजैदेखि पानीको सम्मान, संरक्षण र सञ्चय गर्नुपर्छ। बगेर जाने पानीलाई रोकौं, सुक्दै गरेका मुहानलाई जोगाऔं, पोखरी र कुण्ड बनाऔं, सिमसार क्षेत्र विस्तार गरौं र हाम्रा डाँडाकाँडा तथा पाखापखेरालाई चिस्यानयुक्त र हरितमय बनाऔं। यही हरित वातावरणमा नै धेरै कुरा सम्भव छ। पर्यटनको अपार सम्भावना यसमै लुकेको छ। समग्रमा, 'हरित अर्थतन्त्र' पनि यसमै जाग्नेछ, टिक्नेछ।

जलवायु परिवर्तन रोक्ने विश्वव्यापी र राष्ट्रव्यापी प्रयास सानै स्तरबाट भए पनि पालिकापालिका र वडावडाबाट जोडतोडका साथ थालिनु आवश्यक छ। तर त्यससँगै यी स्थानीय तहमा जलवायु परिवर्तनका असर सामना गर्ने क्षमता बढाउनु पनि उत्तिकै आवश्यक छ। त्यसको सुरुआत पानीबाट गरौं। हरेक पालिकाले जलसञ्चयको योजना बनाओस्, हरेक प्रदेशले त्यसलाई अभियानका रूपमा अघि बढाओस् र नेपालले आगामी दशकलाई 'पोखरी दशक' घोषणा गरी कार्यान्वयन गरोस्। समय घर्किसकेको छ। भोलि मुहान सुकिसकेपछि पोखरी खोज्नुको अर्थ हुँदैन। आज पानी बगिरहेको छ, आजै त्यसलाई जोगाउनुपर्छ। हाम्रा बस्ती, खेती, वन, वन्यजन्तु र भावी पुस्ताको भविष्य पानीसँग जोडिएको छ। सबैलाई चेतना भया। (लेखक स्रोत व्यवस्थापन तथा पर्यटन विशेषज्ञ हनुहुन्छ)

### करदाता सेवा ...

ती शाखाबाट हाल कर सम्बन्धी नयाँ पान, नविकरण, बायोमेट्रिक लगायतका काम हुने गरेको छ। यसअघि ती कार्यहरु करदाता सेवा कार्यालय राजविराजबाट हुने गरेको थियो। सरकारले पालिकाबाटै कर सम्बन्धी सबै कार्य हुने प्रावधान ल्याएपछी ती कार्यहरु अहिले पालिकाबाटै हुने गरेको छ।

# एकीकृत दूरसञ्चार नीतिको मस्यौदा सार्वजनिक, पाँच वर्षमा ८० प्रतिशत जनसङ्ख्यामा उच्चगतिको 'ब्रोडब्यान्ड' पुर्‍याउने लक्ष्य

काठमाडौँ, ५ भदौ (रासस)। नेपाल दूरसञ्चार प्राधिकरणले एकीकृत दूरसञ्चार नीतिको मस्यौदा सार्वजनिक गरेको छ।

दूरसञ्चार क्षेत्रसँग सम्बन्धित विद्यमान विभिन्न नीतिलाई एकीकृत गर्दै नवीनतम प्रविधिको विकासअनुसार यस क्षेत्रलाई समयसापेक्ष, प्रतिस्पर्धी र प्रभावकारी बनाउने उद्देश्यले मस्यौदा तयार गरिएको हो।

मस्यौदामा सूचना तथा सञ्चार क्षेत्रको दीर्घकालीन नीति, २०५९, दूरसञ्चार नीति, २०६०, ब्रोडब्यान्ड नीति, २०७१ र सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ लाई एकीकृत गर्ने प्रस्ताव गरिएको छ। यस्तै, स्याटेलाइट नीति, २०७७, राष्ट्रिय साइबर सुरक्षा नीति, २०८०, दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँट तथा मूल्यसम्बन्धी) नीति, २०८० र राष्ट्रिय आर्टिफिसियल इन्टेलिजेन्स नीति, २०८२ को कार्यान्वयनलाई समेत सहज र प्रभावकारी बनाउने लक्ष्य छ।

विगतका नीतिले निर्धारण गरेका केही लक्ष्य हासिल भइसकेकाले नयाँ लक्ष्य तोकेर नीतिलाई समयसापेक्ष बनाउन मस्यौदा तयार गरिएको हो। नवीनतम प्रविधिबाट सिर्जित अवसरलाई आमउपभोक्तासम्म पुर्‍याउन नयाँ नीति आवश्यक भएको प्राधिकरणले जनाएको छ।

मस्यौदाको दूरसञ्चार प्रविधिको प्रयोगबाट नेपालको डिजिटल रूपान्तरणलाई विस्तार गर्ने, दैनिक जीवन सहज बनाउने, समावेशी आर्थिक वृद्धिलाई प्रोत्साहन गर्ने तथा सबै नागरिकलाई डिजिटल अवसरमा समान पहुँच सुनिश्चित गर्ने लक्ष्य छ। गुणस्तरीय, सुरक्षित, भरपर्दो र सर्वसुलभ दूरसञ्चार सेवा उपलब्ध गराउँदै सूचना तथा सञ्चार प्रविधिको उच्चतम प्रयोगमार्फत देशको आर्थिक तथा सामाजिक विकासमा योगदान पुर्‍याउने ध्येय छ।

प्रस्तावित नीतिअनुसार आगामी पाँच वर्षमा न्यूनतम ५० एमबिपिएस क्षमताको ब्रोडब्यान्डसहितको दूरसञ्चार सेवाको पहुँच ८० प्रतिशत जनसङ्ख्यामा पुर्‍याउने लक्ष्य छ। आगामी १० वर्षमा यस्तो पहुँच ९८ प्रतिशत जनसङ्ख्यामा पुर्‍याउने लक्ष्य प्रस्ताव गरिएको छ।

त्यसैगरी, प्रारम्भिक ब्रोडब्यान्ड सेवाको शुल्क पाँच वर्षमा प्रतिव्यक्ति कुल राष्ट्रिय आयको २.४ प्रतिशत र १० वर्षमा १.५ प्रतिशतभित्र सीमित गर्ने लक्ष्य छ। कुल गार्हस्थ्य उत्पादनमा सूचना तथा सञ्चार प्रविधि क्षेत्रको प्रत्यक्ष योगदान पाँच वर्षमा चार प्रतिशत र १० वर्षमा सात प्रतिशत पुर्‍याउने लक्ष्य मस्यौदामा प्रस्ताव भएको छ।

डिजिटल सीप विकासलाई प्रोत्साहन गर्दै डिजिटल साक्षरता पाँच वर्षमा ६० प्रतिशत र १० वर्षमा ८५ प्रतिशत पुर्‍याउने लक्ष्य प्रस्ताव गरिएको छ। व्यवस्थित, पारदर्शी र प्रतिस्पर्धी दूरसञ्चार बजार प्रवर्द्धन गर्दै नवप्रवर्तन तथा लगानीलाई प्रोत्साहन गर्ने नीतिको उद्देश्य रहेको छ।

दुर्गम तथा ग्रामीण क्षेत्रमा दूरसञ्चार पूर्वाधार विस्तार, नवीनतम प्रविधिको प्रयोग तथा प्रभावकारी सार्वजनिक-निजी साझेदारीमार्फत डिजिटल खाडल घटाउने प्रस्ताव गरिएको छ। दूरसञ्चार क्षेत्रका लागि आवश्यक जनशक्तिको क्षमता विकास, नवीनतम प्रविधिमा अध्ययन तथा अनुसन्धान र राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा दूरसञ्चार प्रविधिको प्रयोगलाई समेत प्रोत्साहन गरिने मस्यौदामा उल्लेख छ।

विद्यमान दूरसञ्चारसम्बन्धी कानुनलाई समयानुकूल परिमार्जन गरी कार्यान्वयन संयन्त्रलाई प्रभावकारी बनाउने, संस्थागत क्षमता सुदृढ गर्ने तथा जनशक्तिको दक्षता अभिवृद्धि गर्ने प्रस्ताव गरिएको छ। साथै, डिजिटल अधिकार र साइबर सुरक्षासहितको सीप तथा ज्ञानमा आधारित समाज निर्माणलाई प्राथमिकता दिइनेछ।

मस्यौदामा नवीनतम दूरसञ्चार सेवाको देशव्यापी उपलब्धता र सबै नागरिकको पहुँच सुनिश्चित गर्ने तथा दूरसञ्चार प्रणालीलाई गुणस्तरीय, भरपर्दो, सुरक्षित र उत्थानशील बनाउने नीति प्रस्ताव गरिएको छ। अनुमतिपत्र तथा रेडियो फ्रिक्वेन्सी वितरण प्रक्रियालाई थप सहज बनाउँदै निजी क्षेत्र तथा विदेशी लगानीकर्ताको सहकार्यमा दूरसञ्चार क्षेत्रलाई प्रतिस्पर्धी र दिगो बनाउने लक्ष्य राखिएको छ।

आवाजमा सीमित दूरसञ्चार सेवा इन्टरनेटको विस्तारसँगै सूचना तथा सञ्चार प्रविधि सेवामा रूपान्तरण भएको सन्दर्भमा शिक्षा, स्वास्थ्य, पर्यटन, उद्योग र ऊर्जालगायत क्षेत्रको उत्पादकत्व वृद्धिमा उपयोगी हुने भएकाले नीतिलाई अद्यावधिक गर्न उक्त मस्यौदा सार्वजनिक गरिएको हो।

# स्वास्थ्य बिमामा यस वर्ष बजेट थप गरिएको छ : अर्थमन्त्री डा स्वर्णिम वाग्ले

काठमाडौँ, ५ भदौ (रासस)। अर्थमन्त्री डा स्वर्णिम वाग्लेले सरकारले स्वास्थ्य बिमा कार्यक्रमको बजेट नघटाएको बताउनुभएको छ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले पार्टी कार्यालय वनस्थलीमा बिहीबार आयोजना गरेको 'नागरिक, नीति र नेतृत्व' संवाद कार्यक्रममा नागरिकका जिज्ञासा तथा प्रश्नको जवाफ दिँदै अर्थमन्त्री डा वाग्लेले स्वास्थ्य बिमाप्रतिको सरकारी धारणाबारे स्पष्ट पार्नुभएको हो।

गत वर्ष स्वास्थ्य बिमाका लागि अघिल्लो सरकारले रु १० अर्ब बजेट छुट्याएको तर नपुगेपछि रु ११ अर्ब थप गरिएको अर्थमन्त्री डा वाग्लेले जानकारी दिनुभयो। यस वर्षको बजेटमा स्वास्थ्य बिमाको बजेट रु पाँच अर्ब बढाएर रु १५ अर्ब पुर्‍याइएको उहाँले स्पष्ट पार्नुभयो।

अर्थमन्त्री डा वाग्लेले स्वास्थ्य बिमामा सरकारको दायित्व अझै बढिरहेको तर लगानीअनुसार नागरिकले सेवा पाएका छन् या छैनन् भन्नेमा शङ्का रहेको बताउनुभयो। स्वास्थ्य बिमा कार्यक्रम सरकारी अस्पतालहरूमा निरन्तर जारी रहेको उल्लेख गर्दै उहाँले यसलाई थप प्रभावकारी बनाउन अध्ययन भइरहेको बताउनुभयो।

यस्तै अर्थमन्त्री डा वाग्लेले गल्ती नगरी चेक बाउन्सलगायतका कारण 'ब्ल्याक लिस्ट'मा परेर आर्थिक समस्यामा परेका उद्यमीलाई राहत दिन सरकारले पहल थालेको बताउनुभयो। ब्ल्याक लिस्टको 'दुष्चक्र'मा अञ्जानमा फसेकालाई राहत दिने विषयमा राष्ट्र बैंकसँग छलफल भइरहेको जानकारी दिनुभयो।

अर्थमन्त्री डा वाग्लेले चेक 'बाउन्स'का कारण करिब एक लाख ७० हजार नेपाली उद्यमीलगायत आर्थिक रूपमा अप्ठ्यारो परिस्थितिमा परेको उल्लेख गर्दै उहाँहरूलाई यस अवस्थाबाट बाहिर निकाल्न पहल सुरु गरिएको बताउनुभयो।

"ब्ल्याक लिस्टको दुष्चक्रबाट अञ्जानमा फसेकालाई कसरी राहत दिन सकिन्छ भन्नेमा राष्ट्र बैंकले द्रुत गतिमा काम गरोस भनेर निर्देशन दिएको छु," उहाँले भन्नुभयो।

नवनियुक्त डेपुटी गभर्नर दीर्घ रावललाई बधाई दिने क्रममा समेत आफूले उक्त विषयलाई पहिलो प्राथमिकतामा राख्न आग्रह गरेको जानकारी दिँदै अर्थमन्त्री डा वाग्लेले राष्ट्र बैंकले आवश्यक काम अघि बढाउँदा अर्थ मन्त्रालयको पूर्ण साथ रहने बताउनुभयो। ब्ल्याक लिस्टको समस्या विगत केही वर्षदेखि चर्किँदै गएको र त्यसका कारण उद्यमीको उठिबास लाग्ने अवस्था सिर्जना भएको उहाँले उल्लेख गर्नुभयो।

कार्यक्रममा सहभागी नागरिकहरूले अर्थ मन्त्रालय, समग्र आर्थिक क्षेत्र तथा सरकारका समसामयिक कामकारबाहीबारे अर्थमन्त्री डा वाग्लेसमक्ष जिज्ञासा, समस्या, सुझाव तथा अपेक्षा राखेका थिए। रास्वपाले नागरिकका गुनासा, समस्या, सुझाव तथा अपेक्षा प्रत्यक्ष रूपमा सरकारमा सहभागी मन्त्री, सांसद तथा केन्द्रीय नेतृत्वसमक्ष पुर्‍याउने उद्देश्यले 'नागरिक, नीति र नेतृत्व' कार्यक्रम बिहीबारदेखि सुरु गरेको जनाएको छ।

बिहीबारको कार्यक्रममा पार्टीका महामन्त्री विपिनकुमार आचार्य, सहमहामन्त्री एवं प्रधानमन्त्री बालेन्द्र शाहका राजनीतिक सल्लाहकार असिम शाहको समेत सहभागिता रहेको थियो। कार्यक्रमअन्तर्गत नागरिकले मन्त्री तथा पार्टी नेतृत्वसँग प्रत्यक्ष संवाद गर्दै आफ्ना समस्या, सुझाव र अपेक्षा राख्न सक्ने महामन्त्री आचार्यले बताउनुभयो। नागरिकबाट प्राप्त सुझावलाई पार्टी तथा सरकारको नीति निर्माण र प्रभावकारी कार्यान्वयनसँग जोड्ने उद्देश्य रहेको रास्वपाले जनाएको छ।

शुक्रबार उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादव कार्यक्रममा सहभागी हुनुहुने पार्टीले जनाएको छ।

# पत्रपत्रिका वर्गीकरण र लोककल्याणकारी विज्ञापन प्रणाली सुधार गर्न निर्देशन

काठमाडौँ, ५ भदौ (रासस)। सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले पत्रपत्रिका वर्गीकरण र लोककल्याणकारी विज्ञापन वितरण प्रणालीलाई पारदर्शी, व्यवस्थित र प्रभावकारी बनाउनका लागि सुधारको गृहकार्य थाल्न निर्देशन दिनुभएको छ।

सञ्चार मन्त्रालयमा बिहीबार सूचना तथा प्रसारण विभाग र प्रेस काउन्सिल नेपालका अधिकारीसँग भएको छलफलमा एउटै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेका धेरै पत्रपत्रिकाले लोककल्याणकारी विज्ञापन लिने गरेको, वास्तविकभन्दा बढी पत्रिका छापेको विवरण पेस गर्ने तथा काउन्सिलमा बुझाइएको विवरण र वास्तविक प्रकाशन सङ्ख्याबीच फरक हुने समस्या उठाइएको थियो।

छलफलमा सूचना तथा प्रसारण विभागका निमित्त महानिर्देशक अनुप नेपाल, प्रेस काउन्सिल नेपालका मुख्य अधिकृत भवीन्द्र भुसाल र वरिष्ठ प्रशासकीय अधिकृत दीपक खनालगायतको सहभागिता थियो। विभाग र काउन्सिल अधिकारीहरूका अनुसार केही पत्रपत्रिकाले काउन्सिलमा पेस गरेको विवरणभन्दा कम सङ्ख्यामा प्रकाशन गर्ने गरेको पाइएको छ। नमूना छनोट गरी प्रेस तथा पत्रपत्रिका कार्यालयको स्थलगत निरीक्षण गर्दा पनि कतिपय अवस्थामा पेस गरिएको विवरण र वास्तविक अवस्थाबीच फरक भेटिएको पनि उहाँहरूको भनाइ छ।

त्यस्तै, हाल पत्रपत्रिका वर्गीकरण गर्दा वास्तविक वितरणको सङ्ख्या हेर्न सम्बन्धित सञ्चार संस्थाको स्वघोषणा र लेखापरीक्षणबाट प्राप्त विवरणलाई आधार बनाउने गरिएको उहाँहरूको भनाइ छ। छलफलपछि सञ्चारमन्त्री तिमिल्सिनाले वास्तविक प्रकाशन तथा वितरण सङ्ख्या यकिन गर्ने प्रभावकारी प्रणाली बनाउन, वर्गीकरणको आधार स्पष्ट गर्न र लोककल्याणकारी विज्ञापन वितरणलाई पारदर्शी तथा विधिसम्मत बनाउन निर्देशन दिनुभयो। सरकारी विज्ञापनमा हुने दोहोरोपन हटाई सीमित स्रोतको प्रभावकारी उपयोग गर्नुपर्नेमा पनि उहाँले जोड दिनुभएको छ।

प्रेस काउन्सिल ऐन, २०४८ को दफा १० मा पत्रपत्रिका वितरण सम्परीक्षण समिति रहने व्यवस्था छ। समितिले पत्रपत्रिकाको वितरण अवस्थाका आधारमा प्रकाशन सङ्ख्या निर्धारण गर्ने, त्यसको अभिलेख अद्यावधिक गर्ने तथा प्रकाशन सङ्ख्यासमेतका आधारमा

*बाँकी अन्तिम पृष्ठमा*

## विश्व समाचार

### भारतमा विषाक्त मदिरा सेवनका कारण आठ जनाको मृत्यु

नयाँदिल्ली, ५ भदौ (रासस/सिन्ह्वा)।

भारतको पश्चिमी राज्य गुजरातमा मेथनोल मिसाएको नक्कली मदिरा पिएपछि विगत २४ घण्टामा कम्तिमा आठ जनाको मृत्यु हुनुका साथै करिब ४० जना बिरामी परेको जनाइएको छ। गुजरातको भावनगर क्षेत्रबाट मानवीय क्षति भएको खबर आएको जनाइएको छ भने बिरामी परेका व्यक्तिलाई स्थानीय अस्पतालमा भर्ना गरिएको छ। गुजरात भारतको सुक्खा राज्यहरूमध्ये एक हो, जहाँ मदिराको सेवन र बिक्री पूर्ण रूपमा प्रतिबन्धित छ भने मदिराको कारोबार गर्ने व्यक्तिहरूले कडा कानुनी तथा आर्थिक दण्डको सामना गर्नु गर्ने प्रावधान रहेको छ। यद्यपि, केही स्थानीयहरूले घरयासी उपभोगका लागि आफ्नै रक्सी बनाउने जोखिम मोलने गरेको र यस्ता खराब अभ्यासहरूले भारतका विभिन्न स्थानमा मानवीय हताहत हुने गरेको जनाइएको छ।

### पाकिस्तानले कर्मचारीहरूका लागि सामाजिक सञ्जाल प्रयोगमा कडाइ

इस्लामाबाद, ५ भदौ (रासस/एएनआई)।

पाकिस्तानको सङ्घीय सरकारले व्यक्तिगत खाताहरूसहित सामाजिक सञ्जाल प्रयोगलाई नियन्त्रण गर्ने नियमहरू उल्लङ्घन गरेको आरोपमा निजामती कर्मचारीहरू विरुद्ध कडा कारबाही गर्ने निर्णय गरेको छ।

अधिकारीहरूले सरकार र सरकारी संस्थाहरू संलग्न अनलाइन विवरणहरूमा बढी नियन्त्रण कायम गर्न खोजेकाले यो कदम चालिएको जनाइएको छ। नयाँ निजामती कर्मचारी आचारसंहिताअनुसार नियम २०२६ अन्तर्गत अधिकारीहरूको व्यक्तिगत सामाजिक सञ्जाल गतिविधि पनि नियामक जाँचको दायरामा आउने द एक्सप्रेस ट्रिब्यूनले जनाएको छ।

प्रतिवेदनअनुसार सरकारी कर्मचारीहरूले सरकारविरोधी गतिविधि वा प्रचार-प्रसारमा अनुशासनात्मक कारबाहीको प्रक्रिया अघि बढ्न सक्ने सम्भावना रहेको पाइएको छ। सरकार र राज्य संस्थाहरूको आलोचना गर्न वा बदनाम गर्न अज्ञात वा नक्कली खाताहरू प्रयोग गर्ने अधिकारीहरूलाई पनि कारबाही गर्न सकिने अखबारले जनाएको छ।

मिडियाका अनुसार, अधिकारीहरूलाई व्यक्तिगत प्रचारका लागि सरकारी कामको प्रचार गर्न व्यक्तिगत सामाजिक मिडिया खाताहरू प्रयोग गर्न अनुमति दिइने छैन। कार्यालय समयमा, आधिकारिक सरकारी खाताहरू व्यक्तिगत प्रचार-प्रसारका लागि प्रयोग गरेको पाइएमा पनि कारबाहीको भागिदार हुनुपर्ने जनाइएको छ।

द एक्सप्रेस ट्रिब्यूनले उद्धृत गरेको स्रोतका अनुसार निजामती कर्मचारीहरूलाई उनीहरूको आधिकारिक र व्यक्तिगत सामाजिक सञ्जालका खाताहरूको विवरणसमेत खुलासा गर्न पनि लगाउन सक्ने जनाएका छन्।

नियमहरूले सरकारी सामाजिक सञ्जालमार्फत संस्थागत नियन्त्रणमा सुनिश्चित गर्न खोजेको जनाइएको छ। प्रतिवेदनअनुसार आफ्नो पद छोड्ने अधिकारीहरूले सरकारी खाता प्रमाणपत्र, अभिलेखित सामग्री र प्रशासनिक पहुँच आफ्ना उत्तराधिकारीहरूलाई हस्तान्तरण गर्नुपर्नेछ। नियमअनुसार निजामती कर्मचारीहरूलाई सरकारी नीति वा आधिकारिक स्थितिको विपरीत विचार वा जानकारी प्रकाशित गर्न निषेध गरिएको छ।

### इमरान खान अदियाला जेलमा फिर्ता

इस्लामाबाद, ५ भदौ (रासस/एएनआई)।

पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खानलाई सर्वोच्च अदालतको आदेशअनुसार स्वास्थ्य परीक्षणका लागि इस्लामाबादस्थित शिफा इन्टरनेसनल अस्पताल लगिएको केही समयपछि शुक्रबार रावलपिन्डीस्थित अदियाला जेलमा फिर्ता सारिएको छ।

पाकिस्तान तहरीक-ए-इन्साफ (पीटीआई) का संस्थापक खानलाई स्वास्थ्यको विस्तृत मूल्याङ्कनका लागि निजी अस्पतालमा परीक्षण गराउन अदालतले सङ्घीय सरकारलाई निर्देशन दिएको थियो। अदालतले उहाँलाई दुई दिनभित्र निजी अस्पतालमा सारेर आवश्यक परीक्षण गराउन आदेश दिएको थियो।

स्थानीय सञ्चारमाध्यम डनका अनुसार खानलाई अधिकतम सुरक्षा व्यवस्थाबीच अस्पताल लगिएको र परीक्षणपछि जेल फिर्ता गरिएको हो। उहाँको आवागमनका क्रममा अस्पताल वरिपरि उच्च सुरक्षा घेरा बनाइएको थियो। पित्रास बुखारी रोड र सर्भिस रोड साउथ बिहीबार रातिदेखि सर्वसाधारणका लागि बन्द गरिएको थियो।

इस्लामाबाद राजधानी क्षेत्र प्रहरी, नगर प्रशासन र पाकिस्तान रेन्जर्ससहित आठ सयभन्दा बढी सुरक्षाकर्मी परिचालन गरिएको थियो। राजधानी प्रहरी र जेल अधिकारी सम्मिलित टोलीले खानको अस्पताल आवागमन तथा सुरक्षाको व्यवस्थापन गरेको थियो।

खान सन् २०२३ देखि जेलमा हुनुहुन्छ। तोशाखाना मुद्दासँग सम्बन्धित १४ वर्षको सजाय भोगिरहनुभएका उहाँमा रक्तचापमा उतारचढाव देखिएपछि स्वास्थ्य परीक्षण गराइएको हो। हालैका जेल मेडिकल अभिलेखमा पनि स्वास्थ्यसम्बन्धी लक्षण उल्लेख गरिएको थियो। सर्वोच्च अदालतले तोकेको स्वास्थ्य परीक्षणअन्तर्गत आवश्यक जाँच र प्रारम्भिक चिकित्सकीय परीक्षण पूरा भएपछि उहाँलाई शुक्रबार बिहान अदियाला जेल फिर्ता लगिएको अधिकारीहरूले बताएका छन्।

# अग्रगामी मोर्चाद्वारा मधेस प्रदेश समन्वय समिति गठन




**दैनिक समाचारदाता**
**राजविराज, ५ भदौ ।**

विभिन्न नौ राजनीतिक दल आबद्ध अग्रगामी मोर्चाले मधेस प्रदेश समन्वय समिति गठन गरेको छ ।

मोर्चाको शुक्रबार बसेको बैठकले प्रदेश समन्वय समिति गठन गर्ने निर्णय गरेको जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले जानकारी दिए ।

बैठकले आगामी भदौ १० गतेभित्र मधेस प्रदेशका आठ वटै जिल्लामा जिल्ला समन्वय समिति गठन गर्ने निर्णयसमेत गरेको छ । संगठन विस्तार तथा जनपरिचालनलाई प्रभावकारी बनाउन मोर्चाले दुईवटा क्षेत्रीय भेला आयोजना गर्ने निर्णय गरेको छ ।

निर्णयअनुसार भदौ २७ गते जनकपुरमा सप्तरी, सिरहा, धनुषा, महोत्तरी र सर्लाहीलाई समेटेर संयुक्त भेला आयोजना गरिनेछ । त्यस्तै, रौतहट, बारा र पर्सालाई समेटेर असोज ३ गते बीरगन्जमा बृहत् भेला आयोजना गर्ने निर्णय भएको छ ।

बैठकले सिरहाका गणेश यादवको नेपाल प्रहरीको गोली प्रहारबाट भएको मृत्यु तथा बाराकी तीन वर्षीया बालिका गरिमा चौधरीको बलात्कारपछि हत्या भएको घटनाप्रति दुःख व्यक्त गर्दै शोक प्रस्ताव पारित गरेको छ ।

मोर्चाले दुवै घटनाका पीडित परिवारलाई तत्काल न्याय र उचित क्षतिपूर्ति उपलब्ध गराउन तथा घटनामा संलग्न दोषीमाथि कडा कानुनी कारबाही गर्न सरकारसँग माग गरेको छ ।

बैठकले मधेस प्रदेशका आठवटै जिल्लामा जिल्ला समन्वय समिति गठनको जिम्मेवारीसमेत मोर्चामा आबद्ध घटक दलहरूबीच बाँडफाँट गरेको छ । मोर्चाले आगामी दिनमा संगठन विस्तार र जनपरिचालनलाई तीव्रता दिने जनाएको छ ।

# रास्वपामा नौ केन्द्रीय सदस्य मनोनित, प्रवक्तामा जगदीश खरेल

काठमाडौँ, ५ भदौ (रासस) ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले केन्द्रीय समिति सदस्यमा नौ जनालाई मनोनयन गरेको छ ।

पार्टीको शुक्रबार बसेको केन्द्रीय समिति बैठकले सुनिल लम्साल, सुधन गुरुङ, प्रतिभा रावल, भूपदेव शाह, पुरुषोत्तम सुप्रभात यादव, डा मनोहर प्रधान, बसुमाया तामाङ, सुरेन्द्र चौधरी र डा भक्तबहादुर राईलाई केन्द्रीय सदस्यमा मनोनयन गरेको हो ।

बैठकले पार्टीका विभिन्न पदाधिकारी तथा विभागीय जिम्मेवारीसमेत तोकेको छ । सहमहामन्त्रीमा पुरुषोत्तम सुप्रभात यादव, कोषाध्यक्षमा डा मनोहर प्रधान, सहकोषाध्यक्षमा बसुमाया तामाङ, प्रवक्तामा जगदीश खरेल(ललितपुर) तथा सहप्रवक्तामा डा नमिता यादव र सुरेन्द्र चौधरीलाई मनोनयन गरिएको महामन्त्री विपिनकुमार आचार्यले जानकारी दिनुभयो ।

उहाँका अनुसार पार्टी सचिवालय सदस्यमा गणेश पराजुली, शिशिर खनाल, विराजभक्त श्रेष्ठ, पुरुषोत्तम सुप्रभात यादव, डा मनोहर प्रधान, कविन्द्र बुर्लाकोटी, जगदीश खरेल(ललितपुर), लिमा अधिकारी आचार्य, दीपकराज बोहरा, समीक्षा बास्कोटा, शिव नेपाली, इन्दिरा राना मगर र मनिष झालाई मनोनयन गरिएको छ ।

विभागीय जिम्मेवारीतर्फ सङ्गठन विभाग प्रमुखमा प्रमोद न्यौपाने, अन्तरराष्ट्रिय सम्बन्ध विभाग प्रमुखमा शिशिर खनाल, सार्वजनिक सेवा तथा जनगुनासो व्यवस्थापन विभाग प्रमुखमा विजय जैरु, जनस्वास्थ्य विभाग प्रमुखमा डा तोसिमा कार्की, पूर्वाधार विभाग प्रमुखमा निशा डाँगी र अर्थ विभाग प्रमुखमा लिमा अधिकारी आचार्यलाई जिम्मेवारी दिइएको छ । प्रशिक्षण विभागको उपप्रमुखमा कमल सुवेदीलाई तोकिएको छ ।

रास्वपाले आगामी स्थानीय निर्वाचनका लागि महामन्त्री आचार्यको संयोजकत्वमा तयार गरिएको 'उम्मेदवार छनोट रूपरेखा स–२०८३' लाई बैठकमा प्राप्त सुझावसमेत समेटेर अनुमोदन गर्ने निर्णय गरेको छ ।

स्थानीय निर्वाचनका लागि केन्द्रीय उम्मेदवार छनोट समितिका सदस्य बन्न इच्छुक केन्द्रीय समिति सदस्य तथा प्रतिनिधिसभा सदस्यबाट नामावली माग गर्ने निर्णयसमेत बैठकले गरेको छ ।

'राइट टु रिकल' सम्बन्धी दस्तावेज निर्माण गर्न महामन्त्री आचार्यको संयोजकत्वमा ११ सदस्यीय समिति गठन गर्ने निर्णय भएको छ ।

स्थानीय निर्वाचनको तयारीका लागि केन्द्रीय समिति सदस्य तथा प्रतिनिधिसभा सदस्यलाई ४६० गाउँपालिकामा परिचालन गरी उम्मेदवार छनोट रूपरेखालगायत विषयमा अभिमुखीकरण कार्यक्रम सञ्चालनको संयोजन सहमहामन्त्री निशा डाँगीले गर्नुहुनेछ ।

बैठकले आगामी असोजदेखि 'स्वतन्त्र' नामक मासिक डिजिटल पत्रिका प्रकाशन गर्ने निर्णयसमेत गरेको महामन्त्री आचार्यले जानकारी दिनुभयो ।

मधेसमा जिल्ला तथा प्रदेश अधिवेशन सुरु गर्नुअघि सङ्गठनको अडिट गर्न सहमहामन्त्री हरि ढकालको नेतृत्वमा पाँच सदस्यीय समिति गठन गर्ने निर्णय भएको छ । समितिमा मधेसबाहेकका प्रदेशका केन्द्रीय समिति सदस्य रहनेछन् ।

रास्वपाको विधानअनुसार सभापति एक, राष्ट्रिय महाधिवेशनबाट निर्वाचित ९९, मनोनित ५१ र पदेन केन्द्रीय सदस्यका रूपमा प्रदेश सभापति सात गरी १५८ सदस्यीय केन्द्रीय समितिको व्यवस्था छ ।

## भारत...

अर्का युवक चार वर्ष देखी भारत मै वेपत्ता रहेको भन्दै खोजी कार्यमा सहयोगका लागी परिवारजनले अपिल गरेका छन ।

वडा नं ७ निवासी २५ वर्षिय विजय ठाकुर विगत चार वर्ष देखी भारतको सिमरीया घाटबाट वेपत्ता रहेको भन्दै बुवा लक्ष्मी ठाकुरले खोजी कार्यमा पहल र सहयोग गरिदिन अपिल गरेका हुन ।

शुक्रवार सदरमुकाम राजविराजमा संचारकर्मीहरुलाई भेट्दै बुबा लक्ष्मीले चार वर्ष अघि भारत विहार राज्यको प्रसिद्ध धार्मिक स्थल सिमरिया घाटमा लागेको कुम्भ मेलामा सपरिवार पुगेका वेला छोरा विजय वेपत्ता भएको सुनाए ।

महाकुम्भ स्नान पछि प्रसाद समाग्री किन्दै गर्दा अचानक उर्लिएको भक्तजनको भीडमा छोरा सम्पर्क विहीन भएको उनले बताए ।

तिलाठी कोइलाडी गाउपालिकाका अध्यक्ष अरुण मण्डल, विजयका बुआ लक्ष्मी, आमा पुष्पा र दाजु अजय दुई पटक भारतको सिमरीय र आसपासका शहर पुगेर खोज तलास गरिसकेका छन । तर, कतैबाट कुनै सुराक फेला पर्न नसकेको परिवारजन बताउँछन ।

# गाँजाको औषधीय प्रयोगमा सरकार सकारात्मक छ : अर्थमन्त्री वाग्ले

काठमाडौँ, ५ भदौ (रासस) ।

अर्थमन्त्री डा स्वर्णिम वाग्लेले औषधीय प्रयोजनका लागि गाँजा उत्पादन तथा बजारीकरणमा अर्थ मन्त्रालयले सहजीकरण गर्ने विश्वास दिलाउनुभएको छ ।

राष्ट्रियसभाको शुक्रबारको बैठकमा सांसद विष्णुकुमारी सापकोटाको प्रश्नको जवाफ दिँदै उहाँले गाँजा उत्पादन तथा बजारीकरणलाई आय, रोजगारी र सम्भावित राजस्व सङ्कलनको विषयका रूपमा मात्र हेर्न नहुने बताउनुभयो । उहाँका अनुसार गाँजा औषधिजन्य तथा लागुपदार्थका रूपमा नियन्त्रित विषय भएकाले यसबारे विज्ञबाट अध्ययन गरी आवश्यक कानुनी व्यवस्था गर्नुपर्ने हुन्छ ।

"गाँजा उत्पादन तथा बजारीकरणको विषय आय, रोजगारी तथा सम्भावित राजस्व सङ्कलनमा मात्र सीमित नभई औषधिजन्य तथा लागुपदार्थका रूपमा नियन्त्रित विषय हो । सम्बन्धित विज्ञबाट अध्ययन तथा निष्कर्ष भई कानुनबमोजिम व्यवस्थित गरिएमा अर्थ मन्त्रालय सहजीकरणका लागि तत्पर रहनेछ", अर्थमन्त्री वाग्लेले भन्नुभयो ।

विकसित तथा पश्चिमा मुलुकहरूमा समेत यस विषयमा खुलापन बढिरहेको उल्लेख गर्दै अर्थमन्त्री वाग्लेले नेपालले पनि सकारात्मक दृष्टिले अध्ययन गर्नुपर्ने धारणा राख्नुभयो । उहाँले यस विषयमा गृह मन्त्रालयसँग समन्वय गरी थप अध्ययन तथा निरीक्षण अघि बढाउने बताउनुभयो ।

"थप अध्ययन र निर्क्योल गरेर कानुनमै यसको व्यवस्था गर्न सकेमा अर्थ मन्त्रालयले सकारात्मक रूपमा हेर्नेछ । गृह मन्त्रालयसँग थप समन्वय गरेर तदारुकताका साथ यो विषयको निर्क्योल गर्न पहल गर्नेछु", उहाँले भन्नुभयो ।

गाँजा उत्पादन तथा बजारीकरण कानुनबमोजिम व्यवस्थित गर्न सकिएमा आय, रोजगारी, औद्योगिक प्रवर्द्धन र सरकारी राजस्व वृद्धिमा योगदान पुग्न सक्ने उहाँको भनाइ थियो ।

यस्तै, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण तथा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयअन्तर्गत आर्थिक वर्ष २०८३/८४ मा मन्त्रालय, आयोग, विभाग, कार्यालय तथा समितिसँग सम्बन्धित ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड तर्जुमाका लागि प्रारम्भिक रूपमा रु सात लाख विनियोजन गरिएको उहाँले जानकारी दिनुभयो ।

सांसद भुवनबहादुर सुनारको प्रश्नको जवाफ दिँदै उहाँले आवश्यकताअनुसार उक्त रकम वृद्धि गर्न सम्बन्धित मन्त्रालयले रकमान्तर गर्न सक्ने र औचित्यका आधारमा थप विनियोजनका लागि अर्थ मन्त्रालयसँग माग भएमा आवश्यक रकम उपलब्ध गराउने आश्वासनसमेत दिनुभयो ।

# 'अख्तियारको कामकारबाहीमा कुनै राजनीतिक हस्तक्षेप हुँदैन'

काठमाडौँ, ५ भदौ (रासस) ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमाथि कुनै किसिमको राजनीतिक हस्तक्षेप नहुने स्पष्ट पार्नुभएको छ ।

राज्य व्यवस्था तथा सुशासन समितिको बिहीबारको बैठकमा 'अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कामकारबाहीका सम्बन्धमा पदाधिकारीसँगको छलफल'मा उहाँले बिना पूर्वाग्रह काम गरेर इतिहास रच्न आयोगका पदाधिकारीलाई सुझाव दिनुभयो ।

सभापति लामिछानेले भ्रष्टाचारसम्बन्धी अनुसन्धान र अभियोजनलाई व्यवस्थित र वस्तुनिष्ठ बनाउन आग्रह गर्नुभयो । "कुनै पनि राष्ट्रसेवक र जनप्रतिनिधिलाई अदालतको ढोकामा टेकाउने बित्तिकै उसको पद निलम्बन हुन्छ, मुख्यसचिवसम्मको पद निलम्बन भएको छ, उहाँ सफाइ पाएर निस्कनुभएको छ । यसबाट उहाँको व्यक्तिगत, पारिवारिक र व्यावसायिक जीवनमा परेको असर तथा सामाजिक प्रतिष्ठामा गम्भीर क्षति पुगेको छ । त्यसको परिपुरण कसरी गर्न सक्छौँ ?", अनुसन्धान र अभियोजनमा मेहनत गर्न आग्रह गर्दै उहाँले भन्नुभयो ।

## पत्रपत्रिका...

पत्रपत्रिकाको वर्गीकरण गर्ने व्यवस्था छ ।

त्यसैगरी, प्रेस काउन्सिल (कार्यव्यवस्था) नियमावली, २०४९ मा पत्रपत्रिका वितरण सम्परीक्षणसम्बन्धी उजुरी तथा कारबाहीको व्यवस्था गरिएको छ । पत्रपत्रिका वितरण सम्परीक्षणको मापदण्ड, २०६६ (परिमार्जन २०७९) मा समेत पत्रपत्रिकाको वितरण सङ्ख्या यकिन गर्न प्रेस तथा बजार निरीक्षण गर्न सकिने व्यवस्था गरिएको छ । यी कानूनी व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन भए नभएकोबारे अध्ययन गर्न पनि सञ्चारमन्त्री तिमिल्सिनाले निर्देशन दिनुभएको छ ।

पछिल्लो समय अनलाइन, डिजिटल र मल्टिमिडिया सञ्चारमाध्यमको विस्तारसँगै विज्ञापन बजार पनि डिजिटलतर्फ सर्दै गएको छ । यस्तो अवस्थामा छापा माध्यममा मात्र केन्द्रित विद्यमान सरकारी विज्ञापन प्रणाली पुनरावलोकन गरी छापा, अनलाइन र अन्य डिजिटल माध्यमलाई समेट्ने एकीकृत वर्गीकरण प्रणालीको सम्भावना अध्ययन गर्ने तयारी मन्त्रालयले गरिरहेको छ । साथै, लोककल्याणकारी विज्ञापनको उद्देश्य, वितरण प्रणाली र मिडिया तथा सार्वजनिक सूचना प्रवाहमा परेको प्रभावसमेत समीक्षा गरिने भएको छ ।

बिहीबारको छलफलमा सञ्चारमन्त्री तिमिल्सिनाले प्रेस काउन्सिलको आर्थिक तथा प्रशासनिक काम पारदर्शी र व्यवस्थित बनाउन तथा महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा औँल्याइएका बेरुजु समयमै फछ्र्यौट गर्न पनि सम्बन्धित निकायलाई निर्देशन दिनुभएको छ ।


## राजविराज नगरपालिका

### ३ नं. वडा कार्यालय

राजविराज, सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या: ८३/०८४
चलानी नं: ६५
मिति २०८३।०५।०५

विषय : सूचना सूचना सूचना

**३ नं वडा कार्यालय रा.बि.न.पा. बाट जारी भएको सूचना**

जिल्ला सप्तरी, राजबिराज नगरपालिका साविक वार्ड नं ४ हाल वार्ड नं ३ बस्ने स्व उमेस नाथ सरणको छोरा ज्ञानेन्द्र शरणले तपसिलका जग्गाहरु नामसारी दर्ता गर्न सिफारिस गरि पाउं भनी मिति २०८३।०५।०५मा द.न.५४ को निबेदन दिएको हुंदा सो जग्गामा कसैको हक दावी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा जानकारी गराईन्छ ।

तपसिल

**जि.स.रा.वि.न.पा. वा.नं ३ बस्ने महमद उमेस नाथ सरणको नाउँ दर्ताको जग्गा**

| जिल्ला | गा.वि.स । न.पा. | वडा नं. | कि. नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | राजविराज | ४ | १४४० | ०- ०-६ १/२ |
| सप्तरी | प्रशवनी | ८ग | ५१५ | ०-०-९ |
| सप्तरी | " | ८ग | ५२५ | ०-०-१० १/४ |
| सप्तरी | " | ७ क | ८६३ | ०-०-५ |
| सप्तरी | " | ७ क | ८६६ | ०-०-११ |


**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*